नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय
# भक्तपुर

## मिति २०७२ श्रावण २७ र २८ गते आयोजित
# आ.व. २०७१/७२ को वार्षिक समीक्षा गोष्ठी

जिल्ला विकास समितिको कार्यालय भक्तपुरले आ.व. २०७१।७२ मा गरेका कार्यहरुको वार्षिक समीक्षा कार्यक्रम मिति २०७२ श्रावण २७ र २८ गते जिविसको सभाकक्षमा आयोजना गरेको थियो । स्थानीय विकास अधिकारी श्री पशुपति बाबु पुरीज्यूको सभापतित्वमा सम्पन्न भएको दुवै दिनको कार्यक्रममा राजनैतिक दलका जिल्लास्तरीय प्रनिनिधिहरु, विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न संचार माध्यमका प्रतिनिधिहरु, गैसस, निजी क्षेत्र, नागरिक समाजका प्रतिनिधि लगायत जिविस तथा प्राविधिक कार्यालयका कर्मचारीहरु समेत गरी दुवै दिनमा गरी २३० जनाको उपस्थिति रहेको थियो ।

कार्यक्रमको निर्धारित कार्य योजना अनुसार पहिलो दिन ०७२ श्रावण २७ को कार्यक्रममा गैसस तथा निजी क्षेत्र अन्तर्गतका विभिन्न गैसस, पत्रकार महासंघ लगायत अन्य संस्थाहरु गरी जम्मा १५ वटा संस्थाले आफूले गत आ.व. २०७१/७२ मा सम्पन्न गरेका कार्यहरुको प्रगति विवरण प्रस्तुत गरेका थिए । जसमा कूल आय र खर्च, लक्ष एवं सो को वार्षिक प्रगति रहेको थियो । उल्लेखित १५ वटा संस्थाहरुले प्रस्तुत गरेको खर्च प्रगति करीब ९५% देखियो भने भौतिक प्रगतिको अनुपात ८२% रहेको देखियो ।

पहिलो दिनको कार्यक्रमको प्रस्तुति उपर उपस्थित राजनैतिक दल तथा अन्य सहभागीहरुले आफ्ना विचार राख्दै : गैससहरुको कार्यक्रम अनुदानमुखी भएकाले यसको कार्यान्वयनमा कठिनाई देखिएको विचार व्यक्त गरेका थिए । नतिजामूलक कार्यक्रम बनाई श्रोतको पनि सुनिश्चित भए पश्चात मात्र कार्यक्रमहरु संचालन गर्न उहाँहरुको सुझाव रहेको थियो । यसैगरी गैससहरुको अधिकांश खर्च तलब लगायत प्रशासनिकमा खर्च भएको देखिएकोले आगामी दिनमा सुधार गरी विकास खर्च रकम बढाउनु पर्ने सुझाव प्राप्त भएको थियो ।

पहिलो दिनको कार्यक्रमको समापन गर्दै स्थानीय विकास अधिकारी श्री पशुपतिबाबु परीज्यूले जिसिद्वारा आयोजित समीक्षा बैठकमा आफ्नो प्रस्तुति नगर्ने गैससहरुलाई आगामी दिनमा जिविसबाट कुनै सहयोग नहुने जानकारी गराउँदै उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

दोस्रो दिन २०७२ श्रावण २८ गतेको कार्यक्रम विहान १०.३० मा शुरु भएको थियो । यस दिको कार्यक्रममा विषयगत कार्यालयहरुको प्रस्तुति रहेको थियो । जसमा आर्थिक विकास समिति, भौतिक पूर्वाधार विकास समिति, सामाजिक विकास समिति र वन तथा वातावरण समिति अन्तर्गतका कार्यालयहरुले आफ्नो आ.व. २०७१/७२ गरेका कार्यहरुको भौतिक तथा आर्थिक प्रतिवेदन पेश गर्दै उल्लेखनीय कार्य, समस्या एवं चुनौतीको चर्चा गरेका थिए । आर्थिक विकास समितिको तर्फबाट जिल्ला कृषि विकास कार्यालय, डिभिजन सहकारी कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय र भक्तपुर उद्योग वाणिज्य संघले आ.व. ०७१/७२ मा गरेको कार्यको प्रगति प्रस्तुत गरेका थिए । यसै गरी दोश्रो चरणमा भौतिक पूर्वाधार विकास समिति अन्तर्गत पर्ने खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, काठमाडौ उपत्यका खानेपानी लिमिटेड, काठमाडौ उपत्यका विकास प्राधिकरण, नेपाल विद्युत प्राधिकरण, गठ्ठाघरले पनि आफूले विगत आ.व.मा गरेका उल्लेखनीय कार्य सहित भौतिक र आर्थिक प्रगति विवरण पेश गरेका थिए  तर नेपाल विद्युत प्राधिकरण, भक्तपुर र नेपाल टेलिकम, भक्तपुरको अनुपस्थिति रह्यो ।

प्रत्येक समितिको छुट्टाछुट्टै अन्तरकृया पश्चात सामाजिक विकास समितिको तर्फबाट जिल्ला शिक्षा कार्यालय, महिला तथा बालबालिका कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला खेलकुद विकास समिति, स्थानीय शान्ति समितिबाट पनि आ.व. ०७१/७२ मा भए गरेका क्रियाकलापहरुको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन प्रस्तुत भयो । यसैगरी वन तथा वातावरण समिति अन्तर्गत जिल्ला वन कार्यालय, जिल्ला भू-संरक्षण कार्यालय, काठमाडौं, वातावरण संरक्षण मञ्च तथा सामुदायिक वन उपभोक्ता महासंघको प्रस्तुति रहेको थियो ।

जि.वि.स.को प्रतिवेदन प्रस्तुत गर्नुहुँदै स्थानीय विकास अधिकारी श्री पशुपति बाबु पुरीले जिल्लाको एकमुष्ठ बजेट ३० करोड ६ लाख ४९ हजारमध्ये २८ करोड ७ लाख ३० हजार खर्च भएकोले वित्तीय प्रगति ९०.१८% रहेको जानकारी गराउँदै करिब २ करोड रुपैंया फ्रिज भएको जानकारी गराउनुभयो । आ.व. २०७१/७२ मा जि.वि.स.द्वारा २९८ वटा योजनाहरु संचालनको लागि सम्झौता भएकोमा २४६ वटा सम्पन्न भईसकेको तर गत बैशाख १२ गतेको विनाशकारी भुकम्प तथा त्यसपछिको पराकम्पनका कारण सम्झौता भएर पनि ५२ वटा योजनाहरु पनि संचालन हुन नसकेको जानकारी गराउनु भयो ।

दोस्रो दिनको विभिन्न कार्यालयहरुको प्रस्तुति उपर विभिन्न टिप्पणी एवं सुझावहरु प्राप्त भएका थिए । जिल्ला पशु सेवा कार्यालय अन्तर्गत रहेका इलाका स्तरीय पशुसेवा कार्यालय र कृषि विकास कार्यालय अन्तर्गतका इलाका कार्यालय नजिकै भएमा सेवा प्रवाहमा सजिलोपना आउने सुझाव प्राप्त भएको थियो । जिल्ला कृषि कार्यालयले धानमा लाग्ने विभिन्न रोगहरु देखिएकोले सो को अनुगमन गर्नुपर्ने तथा तरकारीहरुमा किटनाशक औषधीको प्रयोग भन्दा घरेलु प्रविधिबारे जनचेतना फैलाउनुपर्ने, धेरै सहकारी संस्थाहरु पैसा उठाएर भाग्ने क्रम जारी रहेकोले सो सम्बन्धी अनुगमन डिभिजन सहकारी कार्यालयले गर्नुपर्ने, जि.शि.का.ले विद्यालयहरुमा दरवन्दी मिलान र विद्यालय समायोजनको व्यवस्था चाँडो गर्नुपर्ने, विद्युत प्राधिकरण भक्तपुरले भक्तपुर जिल्लामा विद्युत चोरीको आरोप लागाई भैरहेको बोनस लोडसेडिङ्ग हटाउनुपर्ने, नेपाल टेलिकमले मोबाइल सेवा गुणस्तरीय बनाउनुपर्ने सुझावहरु प्राप्त भएको थियो । त्यसैगरी सडक निर्माण गर्दा डिभिजन सडक कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र नेपाल टेलिकम बीच समन्वयमा गर्न अति जरुरी रहको र गुणस्तरमा ध्यान दिनुपर्ने समेत सहभागीहरुको सुझाव थियो । कुनैपनि सार्वजनिक निर्माण सुधार कार्यमा दोहोरोपना नहोस् भनेर सरकारी कार्यालय बिच समन्वय हुनुपर्ने र सडक निर्माण कार्य गर्दा वन विनाशलाई ध्यान दिई वातावरण मैत्री विकास कार्य गर्नुपर्ने कुरामा जोड दिनु भएको थियो । उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुमा प्राविधिक सहयोग सहज हुनुपर्ने र योजना तथा कार्यक्रमहरुको अनुगमन प्रभावकारी बनाउनुपर्ने समेत ध्यानाकर्षण गराइयो ।

प्राप्त गुनासो तथा राय सुझाव माथि सम्बन्धित कार्यालय एवं संघसंस्थाका प्रमुखहरुबाट अन्तर्क्रियात्मक रुपमा जवाफ दिएका थिए ।

कार्यक्रमको अन्त्यमा स्थानीय विकास अधिकारी श्री पशुपति बाबु पुरीले सबै संघसंस्थाबाट प्राप्त उपलब्ध, समस्या तथा सुझावका बारेमा एक अर्कालाई जानकारी गराउने, जवाफदेहिता र पारदर्शिताका लागि समीक्षा गोष्ठी एउटा मञ्च जस्तै भएको कुरा बताउनु भयो । आ-आफ्नो संस्थाको आन्तरिक श्रोतको परिचालनमा विशेष ध्यान दिन जोड दिनु हुँदै उहाँले जिविसको मात्र मुख ताक्ने प्रवृत्ति अन्त्य गर्नुपर्नेमा पनि जोड दिनुभयो । विभिन्न कार्यालयबाट आउनु भएका सहभागीहरुको प्रस्तुति एवं सहभागिताका लागि धन्यवाद दिँदै कार्यक्रम समापनको घोषणा गर्नु भएको थियो ।

**<u>प्रतिवेदन प्रस्तुतकर्ताहरु</u>**

संयोजक : सूचना अधिकृत श्री जौबन कोजू

सदस्य : प्र.स. पाँचौ(ले.पा.) श्री कृष्ण गोविन्द लाखाजु

# आ.व. २०७१/७२ को वार्षिक समीक्षा गोष्ठीका झलकहरु






# आ.व. २०७१/७२ को वार्षिक समीक्षा गोष्ठीका झलकहरु



